३. विद्यालयमा सञ्चालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने।

४. आधारभूत तह कक्षा (६-८) र माध्यमिक तह सञ्चालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई वितरण गरिने छ।

५. अंग्रेजी र नेपाली दुबै माध्यमबाट कक्षा सञ्चालित सामुदायिक विद्यालयको आवश्यकताको आधारमा करार स्वयंसेवक कोटा वितरण गरिने छ।

६. कुनै विद्यालयको विशेष आवश्यकतालाई सम्बोधन गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले निर्णय गरी अनुदान कोटा वितरण गर्न सक्ने छ।

(ख) गाउँसभाबाट स्वीकृत कार्यक्रम अनुसार गाउँकार्यपालिका बालविकास, प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका करार स्वयंसेवक तथा कर्मचारी, अनुदान कोटा नियम ३ (क) को आधारमा हाल तपसिलका विद्यालयहरुमा निम्न अनुसार कोटा निर्धारण गरिएको छ साथै पछि आवश्यकता अनुसार गाउँपालिका कार्यसमितिले थप/घट गर्न सकिने छ।

तपसिल

| **क्र.स.** | **विद्यालयको नाम र ठेगाना** | **करार स्वयंसेवक कोटा संख्या (प्रा.वि)** | **कार्यालय सहयोगी कोटा संख्या/ कर्मचारी** |
|---|---|---|---|
| १ | श्री बाल शिक्षा निकेतन मा.वि. पाल्हीनन्दन-१, सुनरी | ७ | १ |
| २ | श्री हरपुर मा.वि. पाल्हीनन्दन-२ , हरपुर | ७ | १ |
| ३ | श्री सिद्धार्थ मा.वि. पाल्हीनन्दन-३,कुश्मा | ७ | १ |
| ४ | श्री जनता मा.वि., पाल्हीनन्दन-४, लोहरौली | ७ | १ |

